गाउँकार्यपालिकाको निर्णय पुस्तिका
२०८०।११।१८

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८० साल फागुन महिनाको १८ गतेका दिन दिउसो १ वजे यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितिमा देहाएका प्रस्तावहरु माथि छलफल गरी निम्न अनुसारका निर्णयहरु गरियो।

उपस्थितिः

| क.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वीर बहादुर गिरी | अध्यक्ष | |
| २ | श्री नर बहादुर गिरी | उपाध्यक्ष | |
| ३ | श्री ऐन बहादुर गिरी | सदस्य गाउँकार्यपालिका | |
| ४ | श्री वीर बहादुर घर्ती | सदस्य गाउँकार्यपालिका | |
| ५ | श्री राम बहादुर सिंह | सदस्य गाउँकार्यपालिका | |
| ६ | श्री बिष्णु बहादुर रावत | सदस्य गाउँकार्यपालिका | |
| ७ | श्री गोरख बहादुर थापा | सदस्य गाउँकार्यपालिका | |
| ८ | श्री डम्मर बहादु महतारा | सदस्य गाउँकार्यपालिका | |
| ९ | श्री विशाल किरण बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| १० | श्री योज्ञेन्द्र बहादुर सिंह | सदस्य गाउँकार्यपालिका | |
| ११ | श्री दान बहादु शाही | सदस्य गाउँकार्यपालिका | |
| १२ | श्री दील बहादुर नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १३ | श्री दिपक नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १४ | श्री कमला कामी | सदस्य गाउँकार्यपालिका | |
| १५ | श्री कल्पना नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १६ | श्री बिष्णु वि.क. | सदस्य गाउँकार्यपालिका | |
| १७ | श्री नैनी नेपाली | सदस्य गाउँकार्यपालिका | |
| १८ | श्री डिनायट घर्ती | सदस्य सचिव गा.का.पा. | |

आमन्त्रित

१. श्री मान बहादुर न्यौपाने - का. वा. अध्यक्ष ६ नं. वडा [illegible]

२. श्री श्याम बहादुर सिंह - कार्यक्रम अधिकृत

डिनायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/११/१८ आ.व. २०८०।८१ बैठक संख्या ०६

प्रस्ताव तथा निर्णयहरु :

१. अलग मानव घर अलग पशु घर निर्माण कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा।
२. अलग मानव घर अलग पशु घरसम्बन्धमा।
३. सार्वजनिक स्थलमा निर्माण भएका अस्थायी टहरा सम्बन्धमा।
४. तम्तु खानेपानी योजना सम्बन्धमा।
५. वडा नं ७ मा सडक सफा गरेको रकम भुक्तानी सम्बन्धमा।
६. लघु जल विद्युत योजनाहरुको भुक्तानी सम्बन्धमा।
७. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा।
८. खारा बेलीवृच पुल सम्बन्धमा।
९. योजना संशोधन गर्ने सम्बन्धमा।
१०. रकमान्तरण सम्बन्धमा।
११. आर्थिक सयोग सम्बन्धमा।
१२. पालिकामा योजना सम्झौता दस्तुर सम्बन्धमा।
१३. संघ तथा प्रदेशका योजना सम्झौताको लागि सिफारिस दस्तुर सम्बन्धमा।
१४. गाउँपालिकाको सभाहल भाडा सम्बन्धमा।
१५. सवारी भाडा भुक्तानी दिने सम्बन्धमा।
१६. लिम्सा सिलिङ्गी दह सडकको दोस्रो रनिङ् बिल भुक्तानी सम्बन्धमा।
१७. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना अनुमोदन सम्बन्धमा।

**निर्णय नं.१**

बारेकोट गाउँपालिकाको लोकप्रिय कार्यक्रम अलग मानव घर अलग पशु घर निर्माण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि बारेकोट गाउँपालिकाको अलग मानव घर अलग पशु घर निर्माण कार्यविधि, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.२**

यस बारेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को अलग मानव घर र अलग पशु घरको बार्षिक नीति तथा कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकारले चालु आर्थिक बर्षमा सोही कार्यक्रमको लागि बजेट विनियोजिन गरेको हुँदा गाउँपालिका भित्रका कृषकहरु मध्ये एउटा कृषकले ५ वटा भन्दा धेरै भैंसी पालिरहेका कृषकलाई छनौट गर्ने निर्णय गरियो।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित २०८०।११।१८

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/११/१८ आ.व. २०८०।८१ बैठक संख्या ०६

**निर्णय नं ३**

मिति २०८० साल कार्तिक १७ गते गएको भुकम्प गई क्षेती भएको घरधुरीहरुलाई अस्थायी आवास निर्माण कार्यविधि, २०८० अनुसार अस्थायी आवास निर्माण गर्न लाभग्राही छनौट भई पहिलो किस्ता रकम समेत निकासा भइसकेको अवस्थामा निर्माण भएका अस्थायी आवासहरुको अनुगमण गर्दा सार्वजनिक स्थलहरुमा टहरा निर्माण गरिएको पाइएकोले त्यस्ता टहराहरुलाई हटाउनको लागि वडा कार्यालयहरुलाई निर्देशन दिई सो सम्बन्धमा स्थानीय तहमा रहेको सुरक्षा निकायसंग समेत समन्वय गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

तम्तु खानेपानीको विषयमा ठेगाना फरक परी आएकोमा उक्त योजनालाई तम्तु खानेपानी वडा नं ५ कायम गर्ने विषयमा वडा नं ४ र ५ का वडा अध्यक्षहरु वीच विवाद भएकाले दुवै वडाका वडा अध्यक्षहरु वीच आपसी छलफल गरी निर्णय भए अनुसार अर्को कार्यपालिकाको बैठकमा टुंगोमा पुग्ने निर्णय गरियो।

**निर्णय नं ५**

वडा नं ७ मा बर्षादको समयमा पहिरो आएर क्षती भएको सडक डोजरको माध्यमवाट सफा गरिएको हुँदा उक्त सडकको रकम भुक्तानी गर्नु पर्ने भएकोले सडकको मुल्याँकन गरी श्रोत खोज गरी भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

बारेकोट गाउँपालिकामा हाल सञ्चालनमा रहेका लघु जलविद्युतहरुको मर्मत गर्नु पर्ने भएकाले तपिशल वमोजिमका लघुजल विद्युत योजनाका लागि लघु जलविद्युतहरुको मर्मत सम्भार शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. गाग्राखोला लघुजल विद्युत योजना बारेकोट ३ रु १,२०,०००।
२. सिमतरा लघुजल विद्युत योजना बारेकोट ७ रु ४५,०००।

**निर्णय नं ७**

बारेकोट गाउँपालिका वडा नं ३ स्यालमुल्साम ठिन्केथला खोलामा हाल सम्म झोलुङ्गेपुल पुल कुनै पनि निकायबाट निर्माण नहुँदा स्याल मुल्साम र पहाडा मुल्सामका जनतालाई आवत जावत गर्न समेत समस्या भएको हुँदा सो समस्या समाधान गर्न संघीय सरकार पुल महाशाखालाई सो स्थानमा झोलुङ्गे पुल निर्माणको लागि अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

बारेकोट गाउँपालिका वडा नं ८ र नलगाड नगरपालिका वडा नं ५ खारा खोलामा बेलिबृज पुल निर्माण गर्नका लागि संघीय सरकारबाट बुझी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री ज्यूबाट पुलको सामाग्री बारेकोट गाउँपालिकालाई हस्तान्तरण भई निर्माण सामाग्री निर्माण स्थलसम्म पुगी सकेको हुँदा पालिकाबाट भएको ढुवानी रकम रु १० लाख एवं पुल निर्माणको लागि आवश्यक बजेट तथा प्रक्रिया लागि प्रदेश सरकारसँग अनुरोध गर्ने र निर्माण कार्यको लागि छिटो भन्दा छिटो सुरुवात गरी दिन प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित २०८०।११।१८

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या ०६

मिति : २०८०/११/१८ आ.व. २०८०।८१

**निर्णय नं ९**

आर्थिक बर्ष २०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस बारेकोट गाउँपालिका वडा नं १ मा धौलाकोट तट्बन्धन निर्माण गर्न बजेट विनियोन भएकोमा उक्त स्थानमा कम जोखिम रहेको देखिन आएको हुँदा उक्त योजनालाई नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रमबाट सर्भे डिजाइन समेत भइसकेको योजना लिग तटबन्ध निर्माण योजना संचालन गरी दिनुहुन अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं १०**

बारेकोट गाउँपालिकामा स्वीकृत वार्षिक कार्यक्रमहरु मध्ये गाउँपालिको आवश्यकता एवं प्राथमिकताका आधारमा तपसिल वमोजिम बजेट रकमान्तरण गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क.सं. | हालको शिर्षक | रकम | रकमान्तर गरिएको शिर्षक | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नमुना बाल विकास कार्यक्रम | १२,००,०००। | जनता प्राथमिक विद्यालय मर्मत वारेकोट ५ | २,००,०००। | |
| २ | सडक समपुरक शिर्षक नं. ३११५१ | ८०,००,०००। | दोमिल्ला देखि ठाटीचौर सम्म सडक ट्र्याक ओपन निर्माण योजना वारेकोट २ | १५,००,०००। | |
| | | | लिम्सा सिलिङ्गी दह सडक स्तरोन्नती संघ समपूरक | ४०,००,०००। | |
| | | | ध्यापा टाकुरा लिम्सा सडक स्तरोन्नती संघ समपूरक | २०,००,०००। | |
| ३ | जनप्रिय प्रावि स्याला मुल्साम घेरावार | २,००,०००। | जनप्रिय प्रावि स्याला मुल्साम भवन मर्मत एवं ढल निकास वडा नं. ३ | २,००,०००। | |
| ४ | भगवती आ.वि. वयला घेरावार | २,५०,०००। | भगवती आ.वि. वयला फिल्ड निर्माण वडा नं. १ | २,५०,०००। | |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित २०८०।११।१८

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक
आ.व. २०८०।८१

मिति : २०८०/११/१८

बैठक संख्या ०६

निर्णय नं ११

सवारी दुर्घटनामा परेर, करेन्ट लागेर, आगोमा पोलिएर उपचार गराउन नसक्ने र घरको आर्थिक अवस्था अति कमजोर रहेका विरामीहरुको स्वास्थ्य संवेदनशिलतालाई ध्यान दिदै आकस्मिक उपचार कोषबाट खर्च हुने गरी तपसिल बमोजमका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम | ठेगाना | सहयोग रकम रु |
|---|---|---|---|
| १. | किरण सिंह | बारेकोट २ | ४०,०००। |
| २. | भीम बहादुर सिंह | बारेकोट ५ | ४०,०००। |
| ३. | हरी बहादुर दमाई | बारेकोट २ | २५,०००। |
| ४. | सुवास शाही - बुवा दिपक शाही | बारेकोट ३ | २५,०००। |
| ५. | प्रदिप कामी - श्रीमती मुना नेपाली | बारेकोट २ | १५,०००। |

निर्णय नं १२

यस गाउँपालकालाई आर्थिकरुपमा बलियो बनाउने माध्यम भनेको राजश्व भएकाले हाल रहेको राजश्वको अवस्थालाई मध्यनजर गर्दा राजश्व संकलनको लक्ष्य पुरा गर्न नसकिने महशुस भएको हुँदा राजश्व दायरा बढाउनको लागि योजना सम्झौता गर्दा तपसिल बमोजमको राजश्व संकलन गर्ने निर्णय गरियो।

तपसिल

१. रु ५० हजार देखि १ लाख सम्मका योजनामा सम्झौता शुल्क रु ५०० लिने
२. रु १ लाख देखि ५ लाख सम्मका योजनामा सम्झौता शुल्क रु १,००० लिने
३. रु ५ लाख देखि २० लाख सम्मका योजनामा सम्झौता शुल्क २,००० लिने
४. २० लाख देखि १ करोड सम्मका योजनामा सम्झौता शुल्क रु ५,००० लिने
५. १ करोड देखि माथिका योजनामा सम्झौता शुल्क रु १०,००० लिने

निर्णय नं १३

यस बारेकोट गाउँपालिका भित्र चालु आर्थिक वर्ष २०८०।०८१ को लागि सङ्घीय सरकार तथा प्रदेश सरकारबाट विनियोजन भई यस कार्यालयमा सम्झौता नगरी संघ तथा प्रदेश अन्तरगतका कार्यालयहरुका सम्झौता गरी कार्यन्वयन गर्ने योजनाहरुको लागि स्थानीय तहको सिफारिस आवश्यक परेको खण्डमा त्यस्ता खालका योजनाहरुलाई सिफारिस दिदा योजना सम्झौता गर्दा लाग्ने दस्तुर कार्यपालिकाको मिति २०८०।११।१८ गते बसेको बैठकको निर्णय नं १२ अनुसार दस्तुर लिने निर्णय गरियो।

निर्णय नं १४

गाउँपालिकाको सभाहलको आवश्यक व्यवस्थापन, मर्मत सम्भार एव सुरक्षाको लागि सहयोग गर्ने उद्देश्यका साथ सभाहलमा हुने कार्यक्रमहरुबाट दैनिक रु १,५००। (अक्षरुपी एक हजार पाँच सय मात्र) हल भाडा उठाउने निर्णय गरियो।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित
२०८०/११/१८
प्रमुख प्रशासकीय अधिकृत

वारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक
आ.व. २०८०।८१

मिति : २०८०/११/१८ बैठक संख्या ०६

**निर्णय नं १५**

मिति २०८० कात्तिक १७ गते गएको विनासकारी भूकम्प पश्चात उद्दार एवं राहात ढुवानीमा प्रयोग भएका तपसिल वमोजिमका सवारी साधन धनिहरुलाई रकम भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

१. ध्रुव रोकाय मगर रु ६०,०००।
२. यज्ञराज ज्योती रु १,३५,०००।

**निर्णय नं १६**

संघ समपूरक अन्तर्गतको लिम्सा सिलिङ्गी दह सडकको दोस्रो रनिङ् विल प्राविधिक मूलांकन वमोजिम भ्याट सहित रु १,१५,५९,९१६.७८। (अक्षरुपी रु एक करोड पन्ध्र लाख उन्साठ्ठी हजार नौं सय सोह्र पैसा अठत्तर मात्र) देखिन आएको हुँदा उक्त रकम निर्माण कम्पनी श्री खड्का कृष्ण सिवाको जेभी कोहलपुर बाँकेलाई नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं १७**

आ.व. २०८०।८१ मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडावाट छनौंट भई आएका तपसिल वमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

वारेकोट गाउँपालिकामा आ व २०८०।०८१ मा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकार तथा यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका आयोजनाहरुको विवरण

| क्र.सं. | वडा नं | योजनाको नाम | श्रोत | स्वीकृत वजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ | विनोदलाल स्मृती वालविकास केन्द्र फिल्ड मर्मत | आईडि ए | ३३४००० | |
| २ | ४ | अर्जुन सुवास वालविकास केन्द्र फिल्ड निर्माण | नेपाल सरकार | ५३४००० | |
| ३ | २ | अर्यना घोरेटो वाटो मर्मत | आईडि ए | ३३४००० | |
| ४ | २ | कृषी कार्यालय देखि कुजे खोला र सुगर देखी रत्नविसाउनी घोरेटो वाटो निर्माण | नेपाल सरकार | ४६७००० | |
| ५ | ३ | पछेउरी देखि पारतणा घोरेटो वाटो निर्माण तथा धनुखोला काठेपुन निर्माण | नेपाल सरकार | ४६७००० | |
| ६ | ३ | वडा कार्यालय मर्मत घेरावार मर्मत | आईडि ए | ३३४००० | |
| ७ | ५ | गोठाटोल कुसेना वुकाखोला कालाखोली | नेपाल सरकार | ४६७००० | |
| ८ | ५ | घाट सिलिपाउने ढुँगा सम्म घोरेटो बाटो मर्मत | आईडि ए | ३३४००० | |
| ९ | ७ | कुना वगर देखि सैनी हुदै धोरिया ढुँङ्गा सम्म घोरेटो वाटो निर्माण | नेपाल सरकार | ४३७००० | |
| १० | ७ | नाउली देवताको मन्दिर घेरावार मर्मत | आईडि ए | २६७००० | |
| ११ | ९ | धनीखोला देखि खारी कालिका थान हुदै भेरेखर्क सम्म घोरेटो वाटो मर्मत | आईडि ए | २६७००० | |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित
२०८०।११।१८

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको बैठक

मिति : २०८०/११/१८ आ.व. २०८०।८१ बैठक संख्या ०६

| | | | | |
|---|---|---|---|---|
| १२ | ९ | वाल कल्याण प्रा वि फिल्ड निर्माण | नेपाल सरकार | ३३४००० |
| १३ | ६ | पैयाँडाँडा ठाँटी देखी पाखा कल्यानी घोरेटो बाटो मर्मत | आईडि ए | २७८२०० |
| १४ | ६ | आलाबिट देखी तल्लोगाउँ सम्म घोरेटो बाटो निर्माण | नेपाल सरकार | ४३७००० |
| १५ | ८ | टिमरबाटा थान खालकाटिया हुदै पहिरीखाली सम्म घोरेटो बाटो मर्मत | आईडि ए | २६७००० |
| १६ | ८ | कोल्यानी बिदोसे हुदै मकैमेलि सम्म घोरेटो बाटो | नेपाल सरकार | ३३४००० |
| १७ | १ | भगवती थान मन्दिरबाट खरिखोला सम्म सडक मर्मत | आईडि ए | ३३४००० |
| १८ | १ | कदेराचौर देखि मया खोला सम्म सडक मर्मत | नेपाल सरकार | ४६७००० |
| जम्मा | | | नेपाल सरकार | ३९४४००० |
| | | | आईडि ए | २७४९२०० |
| | | | जम्मा | ६६९३२०० |

गाउँ कार्यपालिकाको
निर्णय प्रमाणित
२०८०/११/१८

प्रमुख प्रशासकीय अधिकृत